Australian Government

Australian Taxation Office




# अष्ट्रेलियामा कर:

## तपाईलाई थाहा पाउनु पर्ने कुराहरू

ato.gov.au

# हामी किन कर तिर्छौं?

कर मानिस तथा व्यवसायहरूले अष्ट्रेलियन सरकारलाई तिर्ने रकम हो जसबाट निम्नलगायतका सेवाहरू उपलब्ध गराईन्छः

- स्वास्थ्य
- शिक्षा
- रक्षा
- बाटो तथा रेलबाटो
- Centrelink – Services Australia बाट सामाजिक सुरक्षा तथा अन्य भुक्तानीहरू।

अष्ट्रेलियाका बासिन्दा भएर हामी असल स्वास्थ्य प्रणालीमाथिको पहुँच, गुणस्तरीय शिक्षा तथा थुप्रै सामुदायिक सुविधाहरू (जस्तै पार्क तथा खेलमैदान) को उपयोग गरिरहेका छौँ जसलाई कर संकलनमार्फत सहायता मिल्छ।






# तपाईले कति कर तिर्नुहुनेछ

तपाईले तिर्ने करको मात्रा निम्न कुरामा भर पर्छ:

- तपाई करको लागि अष्ट्रेलियाको बासिन्दा हो कि हैन
- तपाईले कति आम्दानी कमाउनुहुन्छ
- तपाईसँग एकभन्दा बढी काम छ कि छैन
- तपाईको tax file number (कर फाइल नम्बर) (TFN) छ कि छैन – यो तपाईको व्यक्तिगत परिचय नम्बर हो जुन तपाईले आफ्नो रोजगारदातालाई भन्नुपर्छ।

यदि तपाईले TFN पाउनु अघि नै काम शुरू गर्नुभयो भने तपाईले TFN पाउन र रोजगारदाताका लागि दिन तपाईसँग २८ दिन समय पाउनु हुन्छ। यदि तपाईले त्यसो गर्नुभएन भने तपाईको रोजगारदाताले तपाईको तलबबाट उच्च दरमा कर काट्नुपर्छ।

तपाईले कति कर तिर्नु पर्छ भन्ने बारे थप जानकारी पाउनको लागि **ato.gov.au/rates** हेर्नुहोस्।




# काम गर्न शुरु गर्नुभन्दा पहिले

## अष्ट्रेलियामा काम गर्ने अनुमति

यदि तपाई विदेशी हुनुहुन्छ भने तपाईले गृह मामिला विभाग (Department of Home Affairs) बाट अष्ट्रेलियामा काम शुरू गर्नुअघि अनुमति लिनुपर्छ। Home Affairs ले तपाईलाई अष्ट्रेलियामा काम गर्ने अनुमति दिने भिसा लगायत अन्य उपयोगी जानकारी उपलब्ध गराउन सक्छ।

अष्ट्रेलियामा काम गर्ने अनुमतिको बारेमा थप जानकारी पाउनको लागि **homeaffairs.gov.au** हेर्नुहोस्।

## कर फाइल नम्बर (tax file number) लिंदा

तपाईको कर फाइल नम्बर (TFN) तपाईको व्यक्तिगत परिचय नम्बर हो। TFN निःशुल्क प्राप्त हुन्छ।

काम शुरू गर्नुभन्दा अगाडि हामी तपाईलाई TFN लिनका लागि सुझाव दिन्छौँ अन्यथा तपाईले धेरै कर तिर्नुहुनेछ। हामी व्यक्ति, व्यवसाय तथा अन्य संगठनहरूलाई परिचय तथा रेकर्ड राख्ने कामका लागि TFN जारी गर्छौं।

तपाईले आफ्नो TFN को लागि कसरी निवेदन दिने भन्ने कुरा तपाईको परिस्थितिमा निर्भर गर्छ। थप जानकारीको लागि **ato.gov.au/tfn** हेर्नुहोस्।

यदि तपाई अष्ट्रेलियामा बसाइ सर्दै हुनुहुन्छ वा अस्थायी बसोबास भिसामा हुनुहुन्छ जसले तपाईलाई अष्ट्रेलियामा काम गर्ने अनुमति दिन्छ भने तपाईले अनलाइन TFN का लागि **ato.gov.au/tfnautoreg** मा अनलाइन आवेदन दिन सक्नुहुन्छ ।

जब तपाईले आफ्नो निवेदन भर्नुहुन्छ तपाईको परिचय प्रमाणित गर्ने कागजात तपाईलाई चाहिन्छ।

तपाईको TFN आवेदनको प्रकृयाका लागि र तपाईको ठेगानामा TFN पठाउनका लागि 28 दिनसम्मको समय लाग्न सक्छ।




## तपाईंको TFN लाई सुरक्षित राख्नुस्

तपाईंको TFN तपाईंको जीवनभर सम्म एउटै हुन्छ। त्यसैले यसलाई सुरक्षित राख्नुहोस्। यदि तपाईंले आफ्नो नाम वा ठेगाना परिवर्तन गर्नुहुन्छ, जागिर बदल्नुहुन्छ, अर्को राज्यमा सर्नुहुन्छ वा विदेश जानुहुन्छ भने पनि तपाईंले उही TFN राख्नुहुन्छ।

तपाईंको TFN लाई तपाईंको साथी वा नातेदार लगायत अरू कसैलाई पनि प्रयोग गर्न नदिनुहोस्। अरू कसैलाई प्रयोग गर्न दिनु, अरूलाई जिम्मा दिनु वा बिक्री गर्नु अपराध हो।

तपाईंको TFN निम्न अवस्थामा वा संस्थालाई मात्र दिनुहोस्:

- हामीलाई तपाईंको कर रेकर्डलाई छलफल गर्दा
- तपाईंले काम शुरू गरेपछि आफ्नो रोजगारदातालाई, तर कामको निवेदनमा यसलाई प्रदान नगर्नुस्
- तपाईंको बैंक वा अन्य वित्तीय संस्थाहरूलाई
- Services Australia लाई
- तपाईंको दर्तावाल कर एजेन्टलाई
- तपाईंको सुपरएनुएसन (सुपर) कोषलाई।
- तपाईंको उच्च शिक्षा प्रदायक वा विश्वविद्यालयलाई विद्यार्थी ऋणको लागि पहुँच पाउन, जस्तै उच्च शिक्षा ऋण कार्यक्रम (Higher Education Loan Program -HELP)।

तपाईंको TFN हराएमा, चोरी भएमा वा दुरूपयोग भएमा **1800 467 033** मा फोन गरेर हामीलाई तुरून्त सम्पर्क गर्नुहोस्।

तपाईंको TFN तथा अन्य व्यक्तिगत परिचयका विवरणहरू सुरक्षित राख्नाले परिचयसम्बन्धी अपराधबाट जोगाउन मद्दत गर्छ। परिचयसम्बन्धी अपराध मानिसहरूले अपराध गर्नका लागि अरूको परिचयको विवरण प्रयोग गर्दा हुने गर्छ।

ठगी (स्क्याम) इमेल, फ्याक्स, एसएमएस सन्देश तथा फोन कलहरू विश्वासलाग्दा देखिन हुन सक्छन्। ईमेल वा एसएमएसमा तपाईंको TFN, पासवर्ड वा अन्य संवेदनशील जानकारी समावेश नगर्नुहोस्। सावधान हुनुहोस् र यदि तपाई कुनै सञ्चार हामीबाट भएको कुरामा शंका लाग्छ भने हाम्रो स्क्याम (ठगी) हटलाइन **1800 008 540** मा फोन गर्नुहोस्।



तपाईको व्यक्तिगत विवरण कसरी सुरक्षित राख्ने भन्ने बारे थप जानकारी पाउनको लागि:

- तपाईको विवरणको सुरक्षा – **ato.gov.au/identitycrime**
- कर स्क्याम (ठगी) – **ato.gov.au/scams**
- परिचयसम्बन्धी अपराध – **ato.gov.au/identitytheft**
- **scamwatch.gov.au**




## अष्ट्रेलियन व्यवसाय नम्बर (ABN) व्यवसायका लागि हो

अष्ट्रेलियामा काम गर्नको लागि सबैले अष्ट्रेलियन व्यवसाय नम्बर (ABN) पाउँदैनन् वा उनीहरुलाई आवश्यकता पर्दैन। तपाईसँग ABN हुनु भनेको तपाईले:

- आफ्नै व्यवसाय चलाउँदै हुनुहुन्छ
- आफ्नो कर आफै तिर्नुपर्ने हुन्छ
- आफ्नो सुपरका आफै तिर्नुपर्ने हुन सक्छ
- यदि तपाई घाइते भएमा त्यसका लागि बीमा नगरेको हुन सक्छ।

ABN को आवेदन दिने बारे थप जानकारी पाउनको लागि **abr.gov.au** मा जानुहोस्।

# जब तपाई काम गर्न शुरु गर्नुहुन्छ




## tax file number declaration (घोषणा) पूरा गर्नुहोस्

जब तपाई काम गर्न शुरु गर्नुहुन्छ तपाईको कामदारले उनीहरूलाई तपाईको TFN र व्यक्तिगत जानकारी बताउनका लागि तपाईलाई (*Tax file number declaration* घोषणा)) (NAT 3092)भर्नका लागि अनुरोध गर्नेछ।

तपाईले कति कर तिर्नुपर्छ भन्ने निर्क्योल गर्नका लागि तिनीहरूले यस घोषणाको प्रयोग गर्छन्।

तपाईंसँग यो घोषणा पूरा गर्न र त्यो तपाईंको रोजगारदातालाई दिनका लागि २८ दिनको समय पाउनु हुन्छ। यदि तपाईले त्यसो गर्नुभएन भने तपाईको रोजगारदाताले तपाईको तलबबाट अधिकतम दरमा कर काट्नुपर्छ।

## सुपरएनुएसन

सुपर अष्ट्रेलियाको निवृत्तिभरण वचत प्रणाली हो। यो तपाईको रोजगारी जीवनबाट तपाईले अवकाश लिए पछि प्रदान गर्न छुट्याइएको रकम हो।

नयाँ काम शुरू गर्दा सुपरले कसरी काम गर्छ भन्ने बुझ्न र तपाईको हक तथा अधिकारहरू के हुन् भन्ने थाहा पाउन महत्वपूर्ण हुन्छ। तपाईले अहिले तथा भविष्यमा गर्ने निर्णयहरूले तपाईले अवकाश प्राप्त गरेपछिको जीवनशैलीलाई प्रभाव पार्नेछ।

अनिवार्य रोजगारदाता सुपर योगदान तपाईको तलबको अतिरिक्त रकम हो। धेरैजसो मानिसहरूले कुन अष्ट्रेलियन सुपर कोषमा ती रकमहरू जम्मा गर्ने भनेर रोज्न सक्छन्।

सामान्यतया, यदि तपाईलाई एक क्यालेन्डर महिनामा $४५० वा बढी भुक्तानी गरिन्छ भने तपाईको रोजगारदाताले तपाईले कमाएको रकमको प्रतिशतले हुने रकम तपाईको सुपर खातामा योगदान गर्नुपर्छ।

सुपरको बारेमा थप जानकारी पाउनको लागि **ato.gov.au/super** हेर्नुहोस्।

तपाईको सुपरको जाँच कसरी गर्ने भन्ने बारे थाहा पाउन **ato.gov.au/trackyoursuper** मा जानुहोस्।




# कर दाखिला (tax return) गर्दा

व्यक्तिगत रूपमा तपाईले ट्याक्स रिटर्न (tax return) गर्नुपर्छ यदि:

- तपाईले कर वर्ष (1 जुलाई देखि 30 जुन) मा कर तिरेको छ
- तपाईको करयोग्य आय (Centrelink भत्ता वा भुक्तानीसहित) निवासीहरूको लागि तोकिएको सीमा भन्दा माथि थियो – **ato.gov.au/DoINeedToLodge** हेर्नुहोस्
- हेर्नुहोस्। तपाई एक विदेशी निवासी हुनुहुन्छ र कर वर्षको अवधिमा अष्ट्रेलियामा $१ वा बढी कमाउनु भएको थियो (गैरआवासीयलाई रोक लगाएको विथहोल्दिंग (withholding) कर बाहेकमा)
- यदि तपाई स्थायीरूपमा वा एक कर वर्षभन्दा बढीका लागि अष्ट्रेलिया छोड्दै हुनुहुन्छ भने पनि तपाईले कर दाखिला गर्नुपर्छ।

## तपाईले कर दाखिला गर्न आवश्यक विवरणहरू

ट्याक्स रिटर्न दाखिला गर्नका लागि तपाईलाई निम्न कुराहरू थाहा हुनुपर्दछ:

- तपाईको कामबाट वा बैंक ब्याज वा लगानीहरूबाट तपाईले कति आम्दानी गर्नुभयो
- कति कर रोकियो (tax withheld) अर्थात तपाईको रोजगारदाताले तपाईको तलबबाट कति रकम कटाउनु भयो र हामीलाई पठाउनुभयो
- तपाईले दावी गर्नु हुने कटौतीहरू र कर अफसेटका बारे।




कटौती भनेको तपाईंले आफ्नो कर घटाउन दावी गर्न मिल्ने रकम हो। धेरैजसो कटौती कामसँग सम्बन्धित खर्च हो। यो त्यस्तो रकम हो जुन तपाईंले आफ्नो आय आर्जनमा मद्दत गर्ने शिलशिलामा खर्च गर्नुभएको छ। त्यसको दावी गर्न तपाईंले निम्न कुराहरू देखाउनुपर्ने हुन्छ:

- कमाएको आम्दानीसँग प्रत्यक्षरूपमा सम्बन्धित खर्चहरू
- खर्चहरू निजी प्रकारको हौईन
- तपाईंको खर्च प्रमाणित गर्ने तपाईंसँग रेकर्ड छ (जस्तै रसिद)।

तपाईंको रोजगारदाताले तपाईंलाई आय विवरण (income statement) वा भुक्तानीको सारांश (payment summary) प्रदान गर्न आवश्यक छ। यसले तपाईंले कति कमाइ गर्नुभयो र कति कर तिर्नुभयो भन्ने कुरा देखाउँछ।

**ट्याक्स रिटर्न** (tax return) **गर्न मद्दत गर्ने जानकारीको लागि:**

- ato.gov.au/whentolodge
- ato.gov.au/incomeyoumustdeclare
- ato.gov.au/deductions
- ato.gov.au/incomestatement




## रेकर्ड राख्ने

जब तपाईले आफ्नो कर दाखिला गर्नुहुन्छ हामी त्यसलाई प्रकृयामा लैजान्छौँ र तपाईले करको सही रकम तिर्नु भएको छ छैन हामी जाँच्नेछौँ। हामी मूल्यांकनको सूचना (notice of assessment) दिएर तपाईलाई परिणामका बारेमा जानकारी दिनेछौँ।

तपाईले  रेकर्डहरुलाई, जस्तै तपाईले दावी गर्ने कुनै पनि कटौतीका रसिद, सुरक्षित राख्नपर्छ। तपाईले ती रेकर्डहरुलाई कर दाखिला गर्ने मितिदेखि कम्तीमा पाँच वर्षसम्म आफूसँग राख्नपर्छ। ती रेकर्डहरु देखाउनका लागि हामी तपाईलाई अनुरोध गर्न सक्छौँ।

रेकर्ड राख्ने साधनको बारे थप जानकारी पाउनको लागि **ato.gov.au/taxrecords** हेर्नुहोस्।

myDeductions तपाईको खर्च तथा आम्दानीको रेकर्डलाई एउटै थलोमा राख्नका लागि एक सुविधाजनक तरिका हो। तपाईको स्मार्ट उपकरणहरुमा ATO app (एप) डाउनलोड गर्नुहोस् र myDeductions आइकन (चिह्न) लाई रोज्नुहोस्। **ato.gov.au/app** मा जानुहोस्।

myDeductions साधनको बारे थप जानकारी पाउनको लागि **ato.gov.au/myDeductionatoapp** हेर्नुहोस्।




# तपाईको ट्याक्स रिटर्न भर्नुहोस् र बुझाउनुहोस्

## कहिले दाखिला गर्ने

यदि तपाई आफ्नो tax return तयार र दाखिला गर्दै हुनुहुन्छ भने तपाईले ३१ अक्टोबर भित्र गरिसक्नुपर्छ। यदि तपाई पहिलोपटक कर एजेन्टको प्रयोग गर्दै हुनुहुन्छ वा गत वर्षको भन्दा फरक एजेन्ट लिँदै हुनुहुन्छ भने तपाईले उनीहरूलाई ३१ अक्टोबरभन्दा अगावै सम्पर्क गर्नुपर्छ।

यदि तपाईले आफ्नो कर फिर्ता दाखिला गर्नुभएन र तपाईले हामीलाई तिर्नुपर्ने रकम तिर्नुभएन भने तपाईले जरिवाना तिर्नुपर्ने हुन्छ।

## myTax प्रयोग गरेर अनलाइन दाखिला गर्नुहोस्

तपाईले myTax को प्रयोग गरेर अनलाइन दाखिला गर्न सक्नुहुन्छ। यो छिटो, सजिलो, सुरक्षित अनलाइन दाखिला गर्ने तरिका हो।

myTax प्रयोग गर्नका लागि तपाईले सर्वप्रथम एउटा myGov खाता खोल्नुपर्छ र तपाईको खातालाई ATO अनलाइन सेवामा जोड्नु पर्छ।

**ato.gov.au/firstreturn** मा जानुहोस्।

## दर्तावाल कर एजेन्टमार्फत दाखिला गर्नुहोस्

तपाईको ट्याक्स रिटर्न तयारी र दाखिला गर्नका लागि एक दर्तावाल कर एजेन्टको प्रयोग गर्न सक्नुहुन्छ। तपाईले उनीहरूलाई ३१ अक्टोबरभन्दा अगावै सम्पर्क गर्नुपर्छ। तपाईले एक दर्तावाल कर एजेन्ट भेटाउन सक्नुहुन्छ वा तिनीहरू दर्ता भएका कर एजेन्ट हुन वा होइनन् जाँच गर्न **ato.gov.au/lodgewithanagent** मा जानुहोस्।

## दाखिला गर्नका लागि अतिरिक्त मद्दत

यदि तपाईलाई कर दाखिला गर्न मद्दतको आवश्यकता भएमा तपाईले Tax Help कार्यक्रमको प्रयोग गर्न सक्नुहुन्छ।

Tax Help एक ATO-द्वारा प्रशिक्षित समूह र मान्यताप्राप्त सामुदायिक स्वयंसेवकहरू हुन्। उनीहरूले मानिसहरूलाई myTax प्रयोग गरेर उनीहरूको कर दाखिला गर्नका लागि अनलाइन निःशुल्क तथा गोप्य सेवा प्रदान गर्छन्।

यो अष्ट्रेलियभरका सबै राजधानी शहर तथा थुप्रै प्रादेशिक क्षेत्रमा जुलाई देखि अक्टोबरसम्म उपलब्ध हुन्छ।

Tax Help को बारेमा थप जानकारी पाउनको लागि **ato.gov.au/taxhelpprogram** हेर्नुहोस्।

**ato.gov.au**

NAT 71986NEP-06.2020 DE-20654